प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# सहकार्यमा दूध प्रशोधन कारखाना स्थापना कार्यक्रम कार्यान्वय कार्यविधि, २०७६

<u>प्रस्तावना</u>: पशुपालन व्यवसायलाई व्यवस्थित, व्यवसाहिक र आधुनिकिरण बनाउँदै दूध उत्पादन र उत्पादकत्व बृद्धि गरी कृषकको जिवनस्तर सुधार गर्न आवश्यक देखिन्छ। दूध उत्पादनको वृद्धि सँगै तरल दूधलाई विविधिकरण गरी खपत बढाउन आवश्यक पहल गर्न जरुरी छ। उत्पादित दूध लाई प्रशोधन गरी दूधको विविधिकरण मार्फत बजारिकरणमा टेवा पुऱ्याउन साझेदारीमा दुग्ध प्रशोधन कारखाना स्थापना कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा सञ्चालन गर्न प्रदेश सरकार, प्रदेश नम्बर ३, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले **"सहकार्यमा दूध प्रशोधन कारखाना स्थापना कार्यक्रम कार्यविधि, २०७६"** बनाई लागू गरेको छ ।

## परिच्छेद -१
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधि नाम **"सहकार्यमा दूध प्रशोधन कारखाना स्थापना कार्यक्रम कार्यविधि, २०७६"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,-

(क) **"कार्यक्रम"** भन्नाले प्रदेश सरकारको केन्द्रीय दुग्ध उत्पादक सहकारी संघको सहकार्यमा मकवानपुर जिल्लामा दूध प्रशोधन कारखाना स्थापना कार्यक्रम सम्बन्धी स्वीकृत बार्षिक कार्यक्रम र वजेट सम्झनु पर्छ ।

(ख) **"कार्यालय"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(ग) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(घ) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ।

(ङ) **"साझेदार संस्था"** भन्नाले केन्द्रीय दुग्ध उत्पादक सहकारी संघ सम्झनु पर्छ ।

३. <u>उद्देश्यः</u> यो कार्यविधिको उद्देश्यहरु निम्न रहेका छन्:-

(क) दुग्धजन्य पदार्थहरुको उत्पादन वृद्धि गर्न,

(ख) दुग्ध जन्य उद्योगहरुलाई आधुनिकिकरण गर्नमा सहयोग गर्ने,

(ग) दुग्ध जन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरण गर्नमा सहयोग गर्ने ।

मा. दावा दोर्जे लामा
मन्त्री

## परिच्छेद -२
## कार्यक्रम सञ्चालन प्रकृया

४. <u>कार्यक्रम सञ्चालन:</u> (१) यो कार्यक्रम मकवानपुर जिल्लामा सञ्चालन गरिनेछ ।

(२) यस कार्यक्रम सञ्चालन गर्न स्वीकृत कार्यक्रममा उल्लेख भए अनुसार साझेदार संस्थासंग निर्देशनालयले पत्र मार्फत प्रस्ताव माग गर्नेछ । पत्र प्राप्त गरेको १५ दिन भित्र साझेदार संस्थाले लागत इस्टिमेट सहितको प्रस्ताव निर्देशनालयमा पेश गर्नु पर्नेछ। स्वीकृत कार्यक्रम, आवश्यकता र औचित्यको आधारमा उक्त प्रस्तावको अध्ययन र विश्लेषण गरि निर्देशनालयले साझेदार संस्थासंग सम्झौता गर्नेछ ।

५. <u>अनुदान रकम उपलब्ध हुने क्षेत्र:</u> यस कार्यक्रम अन्तर्गत प्रदान गरिने अनुदान रकम ५०% लागत साझेदारीमा (अधिक्तम ३० लाख) निम्न कार्यका लागि खर्च गर्न सकिनेछ:-
क) दूध प्रशोधन कारखानाको लागि भवन निर्माण र सुधार,
ख) प्रशोधन केन्द्रमा प्रयोग हुने विभिन्न औजार उपकरणहरु खरिद गर्न ।

६. <u>भुक्तानी प्रक्रिया:</u> केन्द्रीय दुग्ध उत्पादक सहकारी संघले सम्झौता अनुसारको कार्य सम्पन्न गरी नियमानुसार विल/विजक, दाखिला रिपोर्ट, प्राविधिकले तयार गरेको कार्य सम्पन्न प्रतिवेदन तथा अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि अनुरोध गरे पश्चात निर्देशनालयले स्थलगत निरीक्षण गरी सम्पन्न भएको कामको १ प्रतिशत कन्टेन्जेन्सी कट्टा गरी बैंक खाता मार्फत भुक्तानी दिनेछ ।

७. <u>अनुगमन तथा मूल्याङ्कन:</u> यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र कार्यालयले आवश्यकता अनुसार गर्न सक्नेछन् ।

८. <u>आर्थिक प्रशासन सेवा:</u> यस कार्यक्रमको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कार्यविधि ऐन २०५५, आर्थिक कार्यविधि नियमावली २०६४, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियामावली २०६४, प्रदेश सार्वजनिक खरिद नियामावली २०७६ बमोजिम हुनेछ ।

## परिच्छेद -३
## विविध

९. <u>प्रगति प्रतिवेदन:</u> साझेदार संस्थाले चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन संग्रहित गरी निर्देशनालयमा पठाउनु पर्नेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

९. **<u>कार्यक्रमको प्रभावकारीता:</u>** कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन अन्य संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाहरुसँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. <u>संशोधन:</u> यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आइपरे मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

११. <u>वचाउ:</u> यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्यमा प्रचलीत कानून बमोजीम हुनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री